Nepalese Forum for Human Rights and People's Democracy (NEHURIPD), Australia (मानव अधिकार तथा लोकतन्त्र नेपाली मञ्च , अष्ट्रेलिया) ले फेब्रुअरी १ बुधवार बेलुकी ५:३० बजे सिड्नी को विनयार्ड पार्कमा राजा ज्ञानेन्द्र ले  प्रजातन्त्र बिरुध्द 'कु' गरेको कालो दिनकोरुपमा स्मरण गर्न एक विरोध कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा प्रजातन्त्रको पुर्नवहली गर, मनवअधिकार को रक्षा गर, मानवअधिकार उलङघन बन्द गर जस्ता नाराहरु लेखिएको सयौं सङ्ख्यामा उपस्थित जनसमुदायले प्लेकार्ड र ब्यानर प्रदर्शन गरेका थिए ।  कार्यक्रमको उदेश्य माथी प्रकाश पार्दै नेहुरिप्डका संयोजक श्री रमेश पाण्डे ज्यु ले विरोध कार्यक्रम को उदेश्य नेपालमा चलिरहेको लोकतान्त्रीक आन्दोलन प्रती एक्यवद्दता जनाउनु र निरङ्कुश राजालाई दबाब दिनु रहेको उल्लेख गर्नु भयो । विरोध कार्यक्रमा नेपाल अष्ट्रेलिया प्रजातन्त्रीक मंञ्च का अध्यक्ष श्री महेन्द्र लम्साल, समाजसेवी ईन्द्र वन र भवानी ओलि ले पनि नेपालमा लोकतन्त्रको स्थापना चाडो भन्दा चाडो हुनु पर्ने कुरामा जोड दिनु भयो । कार्यक्रमको संचालन मंचका सदश्य श्री ध्रुर्ब सुबेदी  ले गर्नु भएको थिय ।